# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिका नगरकार्यपालिकाद्धारा प्रकाशित**

**खण्ड ६)  बेसीशहर, असोज १७ गते, २०८० साल (संख्या २**

**भाग २**

**बेसीशहर नगरपालिका**

**नगर कार्यपालिकाको सूचना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## बेसीशहर नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धि (प्रथम संसोधन) कार्यविध २०८०

बेसीशहर नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५ लाई संसोधन गर्न वाञ्छनीय भएकोले, स्थानिय सरकार सञ्चाल ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगरपालिकाले देहोको कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "**बेसीशहर नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धि (प्रथम संसोधन) कार्यविध २०८०"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. बेसीशहर नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धि कार्यविध २०७४" को दफा ३ को उपदफा (३) मा संसोधन:** (१) बेसीशहर नगरपालिकाको बेसीशहर नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धि कार्यविध २०७४" (यसपछि मूल कार्यविधि भनिएको) को दफा ३ को उपदफा (३) को सट्टा देयायको उपदफा राखिएको छ।

"(३) उपदफा (२) बमोजिमको म्याद नाघेको ३ वर्ष भित्र सवै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची–२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकिय अधिकृतले इजाजतपत्र नविकरण गरिदिनेछन्।"

(२) मुल कार्यविधि अनुसूचि–२ को सट्टा देहायको अनुसूची-२ राखिएको छ।

"अनुसूची-२

कार्यविधि को दफा २ को उपदफा (४) र दफा (३) को उपदफा (३) सँग सम्वन्धित छ

| क्र. सं. | निर्माण व्यवसायीको वर्ग | इजाजतपत्र दस्तुर | इजाजतपत्र नविकरण दस्तुर (रु) | ईजाजतपत्र नवीकरण थप दस्तुर(२) | ईजाजतपत्र प्रतिलिपि दस्तुर(रु) |
|---|---|---|---|---|---|
| १ | "घ" | १०००।- | ५०००। | ६ महिना सम्म : २५००।-<br>१ वर्ष सम्म : ५०००।-<br>२ वर्ष सम्म : १०,०००।-<br>३ वर्ष सम्म : २००००।- | ५००।- |

**आज्ञाले,**

**किसानराज चिलुवाल**

प्रमाणिकरण मिति: २०८०  असोज १७ गते

**नि. प्रमुख प्रशासकिय अधिकृत**

**मुद्रक:** बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय। मूल्य रु.५।–